# आर्थिक वर्ष २०७७/७८ को राप्ती गाउँपालिकाका प्रस्तावित बजेट तथा कार्यक्रम

**मिति: २०७७ असार १० गते**

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सम्पूर्ण सभाका सदस्यज्यूहरु,
राप्ती गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यू तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा सञ्चारकर्मी तथा आम जनसमुदाय ।

राप्ती गाउँपालिकाको उपाध्यक्षको हैसियतले छैठौ गाउँसभाको बैठकमा आगामी आ व २०७७/७८ को बजेट प्रस्तुत गरिरहँदा गौरवान्वित महशुस गरेको छु ।

सर्वप्रथम नेपाली जनताको अधिकार स्थापित गर्ने सन्दर्भमा पटक पटक भएका आन्दोलन तथा संघीय लोकतान्त्रिक गणतन्त्र ल्याउने क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान शहिदहरुप्रति उच्च सम्मानका साथ श्रद्धाञ्जली अर्पण गर्दछु । राष्ट्रियता र स्वाधिनताको रक्षा गर्दै न्यायपूर्ण समाज निर्माण र समृद्धिको मार्गमा एकताबद्ध रहेका राप्तीबासी जनसमुदाय तथा नेतृत्व प्रति उच्च सम्मान भाव प्रकट गर्न चाहान्छु ।

विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ कोरोना भाइरसका कारण लाखौको संख्यामा संक्रमण र ज्यान गुमाउनु परेको छ । कोरोना भाइरसका कारण नेपालमा हजारौंको संख्यामा संक्रमण र क्रमिक रुपमा यसबाट मृत्यु हुनेको संख्या पछिल्लो दिनहरुमा बढि रहेको छ । कोभिड-१९ कोरोना भाइरसको संक्रमण भई नेपालभित्र र विदेशमा ज्यान गुमाउनेका शोकाकुल परिवारजनप्रति राप्ती गाउँपालिका समवेदना व्यक्त गर्दछ ।

नेपाल सरकारले कोरोना संक्रमण नियन्त्रण र रोकथाम तथा सुरक्षाका लागि बन्दाबन्दीको अवधी कायम गरेको छ । मानवीय जीवनका विविध पक्षहरुमा कोरोनाको प्रत्यक्ष असर तथा प्रभाव परेको छ । क्षेत्रगत रुपमा सामाजिक, आर्थिक पूर्वाधार र व्यावसायिक संरचना तथा अन्तर सम्बन्धित पक्षहरुको श्रृङ्खला परिवर्तन भएको छ । विकासको सन्दर्भमा अबलम्बन गरिएको सोच,विचार, योजना,नीतिका सन्दर्भमा आमूल परिवर्तनको अवस्था सिर्जना भएको छ । आम नागरिकको प्राथमिकताको विषयहरु परिवर्तन भएकाछन् ।

कोभिड-१९ कोरोना भाइरसका कारण मुलुकको अर्थव्यवस्थामा गम्भिर असर पुऱ्याएको छ । यस महामारीबाट राप्ती गाउँपालिकामा समेत प्रत्यक्ष प्रभाव परेको छ । उद्योग, व्यापार, व्यवसाय विद्यालयहरु प्रभावित भएका छन् । धेरैको रोजगारी गुमेको छ । विकास निर्माणका कार्यहरु सोचे अनुरुप अघि बढ्न सकेको छैन् ।

कोरोना भाइरस संक्रमण थप फैलिन नदिन र यस महामारी माथि विजय हाँसिल गर्न आगामी दिनमा अझ बढी सतर्कता, समन्वय र एकता आवश्यक भएकोले एक भएर दृढताका साथ लाग्न म सबैमा आह्वान गर्दछु । यस जोखिमको परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा गर्नुहुने वडाध्यक्षहरु, कार्यपालिकाका सदस्यहरु, गाउँ सभाका सदस्यहरु, चिकित्सक, स्वास्थ्यकर्मी, कर्मचारी, महिला स्वास्थ्य स्वयमसेविका, स्वयमसेवक, सुरक्षाकर्मी, एम्बुलेन्स चालक, सामाजिक

संघसंस्था, सामुदायिक तथा संस्थागत विद्यालयहरु, नीजि तथा व्यावसायिक क्षेत्र, आम सञ्चारजगत तथा राहत कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावहरु लगायत सम्पूर्ण राप्तीबासी जनसमुदायको उच्च प्रशंसा गर्दै हार्दिक धन्यवाद दिन चाहान्छु साथै कोरोबाट सिर्जित चुनौतिको सामना गर्न एक भएर अगाडि बढन अपिल गर्दछु ।

यस महामारीको संक्रमण रोकथाम, नियन्त्रण र उपचारको कार्यमा गाउँपालिकाबासीले दिएको साथ,सहयोग र अगाध मायाबाट प्रेरित भई स्वस्थ, सुरक्षित, सम्भावनायुक्त तथा जीवन्त गाउँपालिकाको रुपमा अगाडी बढाई गाउँपालिकाको गौरवलाई उच्च राख्ने अधिकतम प्रयत्न छौ ।

स्थानीय तहको निर्वाचनको माध्यमद्वारा जनताको असीम विश्वास र माया पाएर निर्वाचित भई तीन वर्ष जनताको सेवामा व्यतित गरिसकेका छौ । जनताको विश्वासलाई कायम राखिराख्ने दिशामा यो सभा सदैव क्रियाशील रहनेछ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सम्पूर्ण सभाका सदस्यज्यूहरु,
नेपालको संविधानले नै स्थानीय तहमा सरकार सञ्चालनको अभ्यासलाई सुनिश्चित गरेको छ । जनताका अपेक्षाको संवोधन स्थानीयस्तरमै जनताका प्रतिनिधिद्वारा पूरा गर्न सकिने पद्धति स्थापित भएको छ । यही धरातलमा उभिएर हामीले आफ्नो बजेट तथा कार्यक्रम आफै तय गर्ने यो सुनौलो अवसर प्राप्त गरेका छौँ। यसले जनतालाई नजिकको सरकारको आभाष दिएको छ भन्नेमा पूर्ण विश्वास दिलाउन चाहान्छु । निर्वाचित जनप्रतिनिधिको हैसियतले जनताका दैनिक जनजीविकाका विषयहरुमा प्रत्यक्ष चासो चिन्ता र समर्पन गर्दै आजको दिन सम्म क्रियाशिल छौ र आगामी दिनमा समेत क्रियाशिल रहने कुराको प्रतिवद्धता जनाउन चाहान्छौ ।

निर्वाचित जनप्रतिनिधिको हिसाबले विगत आर्थिक वर्षमा तीन पटक बजेट निर्माण र कार्यान्यनको अभ्यास गरिसकेकाछौ र आगामी वर्षको बजेट प्रस्तुतको चरणमा छौ ।

मुलुकले हासिल गरेको युगान्तकारी राजनीतिक उपलब्धिको जगमा उभिएर **"स्वास्थ्य शिक्षा कृषि पर्यटन र पूर्वाधार, समृद्ध राप्ती गाउँपालिकाको आधार"** भन्ने आदर्शको मार्गमा दृढताका साथ अघि बढेको छ । यस सन्दर्भमा सामाजिक न्यायसहितको तीब्र विकास सुशासन सहितको स्थानीय सरकार सभ्य सुसंस्कृत र कर्तव्य निष्ठ राप्ती निर्माणको पथमा यो सरकार प्रतिवद्ध छ ।

चालु आर्थिक वर्षमा आर्थिक, सामाजिक, पूर्वाधार तथा वातावरण र विपद व्यवस्थापनको क्षेत्रमा उल्लेखिय स्रोत साधनको विनियोजन गरी कार्यान्वयनको चरणमा रहेको अवस्थामा कोभिड-१९ रोगका संक्रमण र त्रासका कारण चैत्र महिनादेखि आसातित रुपमा क्रियाकलाप, आयोजना र कार्यक्रम गर्न कठिनतम अवस्थाको सिर्जना भयो । यस सरकारले वार्षिक कार्यक्रम र बजेट कार्यान्वयनमा थप चुनौति थप भई सुशासन,विकास र समृद्धिको दरिलो आधारशिला निर्माण भई गरिबी निवारण, रोजगारीका अवसर सिर्जना तथा राप्तीबासी नागरिकहरुको जीवनस्तरमा त्यसको सकरात्मक

प्रतिफल देखिन कठिनतम अवस्था सिर्जना भएको छ । विविध चुनौतिका वावजुत पनि आधारभुत शिक्षा र प्राथमिक स्वास्थ्य सेवामा पहुँच र सामाजिक सुरक्षाको व्यवस्था सुनिश्चित भएको छ ।

चालु आर्थिक वर्षको बजेट मार्फत प्राप्त उपलब्धीको संस्थागत गर्दै, आर्थिक सामाजिक असमानता घटाउँदै, सबै वडामा समानुपातिक विकास गर्दै, प्राथमिकता प्राप्त क्षेत्रहरु मार्फत कार्यान्वयन गर्ने गरी यो बजेट केन्द्रित गरेको छु ।

यस सम्मानित सभाका सभा अध्यक्षज्यू

सम्पूर्ण सभाका सदस्यज्यूहरु,

राप्ती गाउँपालिकाको संवृद्धिको अभियानमा वडा समिति, गाउँ कार्यपालिका वा गाउँसभा मात्र पर्याप्त छैनन । यी त अङ्गमात्र हुन, जुन प्रतिनिधिमूलक रुपमा स्थापित छन् । हाम्रो शासन सञ्चालनको आधार आम राप्तीवासी जनता नै हुन् तसर्थ राप्ती गाउँपालिकाले ल्याएको बजेटको सफल कार्यान्वयनको माध्यमद्वारा आम जनताका अपेक्षाको संवोधन गर्न राप्तीवासी जनताहरुको साथ, सहयोग र हौसलाको अपेक्षा गरेको छु । यसका साथै सम्पूर्ण राजनैतिक दल, बुद्धिजीवी, समाजसेवी, विभिन्न पेशा व्यवसायमा आवद्ध सबै, पत्रकार तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुसमेतको पूर्ण सहयोग रहनेछ भन्ने विश्वास लिएको छु ।

अब म चालु आर्थिक वर्षको आर्थिक स्थितिका बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु

विगत आर्थिक वर्षहरुमा गाउँपालिकाको पूँजीगत खर्च अपेक्षित रुपमा खर्च हुन सकेको थिएन । नेपालको संविधान जारी भएसँगै स्थानीय तहको सरकार गठन भए लगतै न्यूनतम जनशक्तिको उपलब्धतासँग कार्य थाल्नी गरेपनि अपेक्षित उपलब्धी हाँसिल हुन नसकेको कुरा सबैलाई अवगत नै छ । चालु आर्थिक वर्षको तेस्रो चौमासिकको सुरुवातमै विश्वभर फैलिएको कोभिड-१९ कोरोना भाइरसको संक्रमण त्रास तथा संक्रमणको दरलाई न्यूनिकरण गर्न नेपाल सरकारले बन्दाबन्दीको अवधी घोषणा गरेसँगै विकास निर्माण लगायतका कार्यहरुमा प्रत्यक्ष प्रभाव रहि विकास निर्माणका लागि आवश्यक पर्ने सामग्रीहरुको उत्पादनमा कमि आई अभाव सिर्जना, ढुवानी प्रणालीमा समस्या, आयोजनास्थलमा कार्य गर्ने मजदुरहरु समेत आ-आफ्नो घर भएको ठाउँमा जानुपर्ने अवस्था सिर्जना भएबाट पुँजीगत खर्चमा अपेक्षित उपलब्धी हाँसिल हुन कठिनाई उत्पन्न भयो । सम्झौता भई सकेका आयोजना तथा कार्यक्रमसमेतको कार्य सञ्चालन गर्न कठिन परिस्थितिको सिर्जना भयो । सामाजिक तथा आर्थिक क्षेत्रमा समेत विनियोजन भएका केहि कार्यक्रम तथा आयोजनाहरुको कार्य सञ्चालनमा कठिनाई उत्पन्न भयो । केहि संक्षिप्त अवस्था निम्नानुसार रहेको छ ।

आर्थिक विकास तर्फ

चालु आ.व. मा कृषि तर्फ तरकारी कम्पोजिट प्याकेट बीउ राप्ती गाउँपालिका अन्तरगतका ९ वटै वडाहरुमा ६७० घरधुरीलाई वितरण गरिएको छ । अन्नबाली तर्फ धान, गहुँ, तोरी लगायतको उन्नत बीउ विजन ४०५ जनालाई वितरण गरिएको छ । अमेरिकन फौजी किरा नियन्त्रणका लागि ५०० जना किसानलाई विषादी प्रदान गरिएको छ । टिपिए

आलुको बीउ ३२५ जनालाई वितरण गरिएको छ। च्याउको बीउ १०५  किसान र च्याउ खेतीका लागि टनेल ४ जना किसानलाई वितरण तथा निर्माण गरिएको छ। कृषि सम्बन्धी ३०० जना कृषकलाई तालिम प्रदान गरिएको छ। चालु आ.व.मा ५५ क्विन्टल धान ,३० क्विन्टल गहुँ ,१० क्विन्टल तोरी तथा आलुको विउ १७ क्विन्टल वितरण गरिएको छ।

गाउँपालिका भित्र बिभिन्न महामारी रोग  ४२०० डोज खोप सेवा प्रदान गरिएको छ। राप्ती गाउँपालिका स्तरिय ३ दिने ब्यवसायिक गाई भैसी तालिममा १७ जना र बाख्रा पालन १५ जना गरी जम्मा ३३ जना कृषकहरुलाई तालिम प्रदान गरिएको छ। गाउँपालिकाभरी करिव १५०० पशुहरुमा कृतिम गर्भाधान सेवा प्रदान गरिएको छ। राप्ती गाउँपालिका भित्रका ५ वटा आधारभूत बिद्यालयहरुका करिव ३५० बिद्यार्थीहरुलाई जुनोटिक रोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ। गाउँपालिकाबाट  ३५० कृषकहरुलाई निशुल्क हिउदे घाँसको बिउ बितरण गरिएको छ। गाउँपालिकाबाट ७ क्विन्टल  निशुल्क बर्षे घाँस (सुडान र टियोसेन्टी)  वितरण गरिएको छ। राप्ती गाउँपालिकाको १ - ८ वडाहरुका ६४० बिपन्न गरिव घर परिवारलाई आय आर्ज तथा पोषण सुदृढिकरणका लागी न्यू ह्याम्पासायर र अष्ट्रोलोप जातको कुखुरा वितरण गरिएको छ। राप्ती गाउँपालिका वडा नं ५ को भुल्के र बगरापुर गरी जम्मा ६४ घर धुरीलाई स्थानिय जातको कुखुरा बितरण गरिएको छ।

पूर्वाधार विकास तर्फ

आ.व. २०७६/७७ को पूर्वाधार विकास तर्फ पक्की नाला ५६६२ मिटर,  कच्ची नाला ५४०० मिटर,सोलार लिफ्टिङ सिचाइ आयोजना १ वटा, पनफकवा निर्माण १ वटा,  सडक ग्राभेल ८९४६ मिटर, खानेपानी ट्याङ्की निर्माण तथा मर्मत ११ वटा , कुलो निर्माण ८२० मिटर, सिचाई पाइप लाईन ६७४ मिटर,  सभाहल १ वटा, भवन निर्माण तथा मर्मत ३८ वटा, मन्दिर निर्माण तथा मर्मत ५ वटा, पार्क निर्माण १ वटा ग्याभिन जाली ४५७ मिटर , ह्याम पाइप ८५ मिटर कल्भर्ट २३ वटा, विभिन्न सडकहरुको ट्याक खोल्ने कार्य तर्फ ५२७० मिटर निर्माण सम्पन्न भएको छ। शौचालय ७ वटा, खेलकुद मैदान सुधार ३ वटा, पर्खाल निर्माण ६२४ मिटर, पोखरी निर्माण  तर्फ २ वटा सम्पन्न भएको छ।

पशु विकास तर्फ  निशुल्क कृतिम गर्भाधान कार्यक्रम साप्ताहिक क्लिनिकको लागि औषधी खरिद  व्यावसायिक किसान समूह समिति तथा डिस्पेनसरी सञ्चालनको लागि औषधी खरिद गाई भैसी बाख्रा कुखुरा बंगुर पालन तालिम सम्पन्न गरिएको। हिउँदे/ वर्षे घाँसको विउँ वितरण गरिएको ।

सामाजिक विकास तर्फ

शिक्षा क्षेत्र

सामुदायिक विद्यालयहरुको शैक्षिक क्रियाकलापलाई एकरुपता कायम गर्न शैक्षिक क्यालेन्डरको निर्माण गरी सो अनुसार क्रियाकलाप सञ्चालन गरिएको छ। सामुदायिक विद्यालयका कक्षा १-१० सम्म वार्षिक ४ वटा परीक्षा सञ्चालन गरिएको र विद्यालयहरुले प्रत्येक परीक्षाको विषयगत रुपमा नतिजा विश्लेषण गरिएको छ। देशभर भएको बन्दाबन्दीको

कारण शिक्षा क्षेत्रमा पुगेको क्षतिलाई कम गर्न १४००० विद्यार्थीका लागि वैकल्पिक माध्यमको रुपमा टेलिभिजन तथा रेडियोको प्रयोग गरी कक्षा १-१० सम्मका कक्षा सञ्चालन प्रशारण गरिएको छ भने सञ्चारको पहुँचमा नभएका बालबालिकाको लागि मुद्रण गरिएका पाठयपुस्तकहरुको व्यवस्था गरिएको छ। प्रधानाध्यापक बैठक २०७६ साउन महिनादेखि चैत्रसम्म ९ पटक बैठक आयोजना गरिएको छ। कक्षा ८ र कक्षा ५ को वार्षिक परीक्षा गाउँपालिकाबाट सञ्चालन गरिएको छ। गाउँपालिकाभित्र सञ्चालनमा रहेका सबै विद्यालयहरुको यस आ.व. मा अनुगमन गरिएको छ। सामुदायिक विद्यालयहरुमा अपुग रहेका आधारभुत तहसम्म ६५ जना शिक्षकको व्यवस्थापन गाउँपालिकाको आफ्नो स्रोतबाट गरिएको छ। शैक्षिक उपलब्धी उत्कृष्ठ भएका ३५ शिक्षकलाई शिक्षा दिवश समारोहमा पुरस्कृत गरिएको छ। एस इइ तथा कक्षा ८ मा सबैभन्दा बढि अंक ल्याउने सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत १० जना विधार्थीलाई पुरस्कृत गरिएको छ।

विद्यार्थीहरुको अन्तर निहित क्षमता तथा खेल क्षेत्रको प्रोत्साहनको लागि गाउँपालिकास्तरबाट अध्यक्ष कप प्रतियोगिता तथा राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिताको आयोजना गरिएको छ। विद्यार्थी तथा विद्यालयले झण्डै १०० स्वर्ण,१०० रजक तथा १५० को संख्यामा काश्य पदक र मेडल वितरण गरिएको छ।

विश्वभर फैलिएको कोभिड-१९ कोरोना भाइरसका कारण नेपाल. भारत र अन्य देशबाट यस गाउँपालिकामा आएका झण्डै १५०० नागरिकलाई क्वारेन्टाइनमा राखिएको छ। सामुदायिक र संस्थागत गरी २८ वटा विद्यालयहरुलाई क्वारेन्टाइनको रुपमा प्रयोग गरिएको छ। गाउँपालिकाभित्र रहेका झन्डै ३६०० घरधुरीलाई पहिलो र दोस्रो चरणको राहत सामग्रीको उपलब्ध गराईएको छ। राप्ती गाउँपालिका तथा अन्य पालिकाहरुको सहकार्यमा १०० वेडको देउखुरी आइसोलेसन केन्द्रको सञ्चालन गरी कोरोना पोजिटिभ व्यक्तिहरुलाई उपचार गर्ने प्रबन्ध गरिएको छ। झण्डै १ करोड रकम क्वारेन्टाइन आइसोलेसन व्यवस्थापन तथा राहत वितरण कार्यमा खर्च भएको छ।

रोभिङ स्वास्थ्य सेवा सञ्चालन गरी जेष्ठ नागरिकलाई स्वास्थ्य सेवा परिवार नियोजन पोषण र सुरक्षित मातृत्व सेवा प्रवाह गरिएको छ। राप्ती गाउँपालिका वडा नं ६ लाई शुन्य होम डेलिभरी वडा घोषणा गरिएको छ। नेपाल सरकारले तोकेका औषधीहरु निशुल्क वितरण गरिएको छ। गर्भ जाँच संख्या ९५३ जना, स्वास्थ्य संस्थाबाट सुरक्षित प्रसुति भएका ६१४ जना रहेकाछन। विपन्न नागरिकलाई उपचारार्थ ३५ जनालाई सहयोग गरिएको छ।

महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ जेष्ठ नागरिक स्याहार सुसार कार्यक्रम ३५ जना, १२९ जना जेष्ठ नागरिकलाई सहायक सामग्री वितरण गरिएको छ। ३२ वटा बालकल्ब गठन भएकाछन। नयाँ समूहका सदस्यालाई अनुशिक्षण तालिम ८६ जनालाई प्रदान गरिएको छ। निगरानी समूह तथा मेलमिलाप समितिका सदस्यहरुलाई नेतृत्व विकास कार्यक्रम सञ्चालन गरिएको छ। ९६ जनालाई श्रीमान श्रीमति समविकास तालिम कार्यक्रम सञ्चालन गरिएको छ।

विपद व्यवस्थापनका लागि गाउँपालिका स्तरीय विपद व्यवस्थापन समितिको गठन भएको छ। विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। पूर्वाधार विकास गर्ने सन्दर्भमा गर्न प्रचलित कानून अनुसार EIA/IEE गरिनेछ।

**संस्थागत विकास तथा सुशासन तर्फ**

स्थानीय तहका कार्यालय तथा विषयगत शाखाहरुको व्यवस्थापन गरिएको छ। वडा कार्यालयहरु सम्बन्धित वडामा स्थापना गरिएको छ। गाउँपालिकामा सूचना अधिकारीको व्यवस्था गरिएको छ। अनलाइन तथा बैकं मार्फत सामाजिक सूरक्षा वितरण गरिएको छ। आर्थिक नीति सामाजिक नीति सुशासन नीतिको तर्जुमा गरिएको छ। खाद्य तथा बजार अनुगमनको कार्य सम्पन्न गरिएको छ। नियमित रुपमा गाउँपालिकाका सूचनामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न नियमित रुपमा राप्ती गाउँको गतिविधि प्रकाशन प्रशारण गरियो। कार्य वातावरणमा सहजता सिर्जना गर्नका लागि वैकल्पीक उर्जाको व्यवस्था गरियो। सार्वजनिक जवाफदेहिता उत्तरदायित्व र पारदर्शितामा अभिबृद्धि गर्न लागि सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीण, कार्यक्रम सञ्चालन गरिएको छ। नागरिक वडापत्रको व्यवस्था गरिएको छ। भ्रष्टाचारमा शुन्य सहनशीलताको नीति अवलम्बन गरिएको छ। विभिन्न निकायसँग सहकार्य र सहयोगमा कार्य सञ्चालन गरिएको छ।

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सम्पूर्ण सभाका सदस्यज्यूहरु,

आर्थिक वर्ष २०७५।७६ को बजेट तथा कार्यक्रम निर्माणका आधारहरु निम्नलिखित रहेका छन्।

१. नेपालको संविधान
२. चालु आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. स्थानीय तहको योजना तथा बजेट तर्जुमा सम्बन्धी दिगदर्शन २०७५
५. राप्ती गाउँपालिकाको एकिकृत ग्रामिण विकास योजना २०७६
६. राप्ती गाउँपालिकाले आगामी आ.व. २०७७/०७८ का लागि यत गरिएका नीति तथा कार्यक्रम
७. नेपाल सरकारले विभिन्न समयमा गरेका निर्णयहरु
८. स्थानीय तहको कार्यविस्तृतीकरण
९. राप्तीवासी जनताका अपेक्षा तथा निर्वाचनको समयमा प्रस्तुत भएका प्रतिवद्धता

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सम्पूर्ण सभाका सदस्यज्यूहरु,

**आगामी वर्षको बजेटका उद्देश्यहरु निम्नानुसार रहेकाछन**
**बजेटको उद्देश्यहरुः**

- संविधानले निर्दिष्ट गरे बमोजिम स्थानीय तहको कार्यान्वयन
- सेवा प्रवाहलाई सरल सहज र प्रभावकारी बनाउने
- राप्ती बासी जनताको आर्थिकस्तर बृद्धिमा सघाउ पुर्याउने
- सामाजिक न्याय स्थापना गर्ने
- विकासका पूर्वाधारहरुको निर्माण र सवलीकरण गर्ने।
- वातावरण संरक्षण तथा विपद व्यवस्थापनलाई व्यवस्थित गर्ने
- रोजगारी सिर्जना गर्ने
- आम जनताको अपेक्षाहरुको संवोधन गर्ने।

**बजेटका प्राथमिकताका क्षेत्रहरुः**

- सामाजिक विकास
- पूर्वाधार विकास
- आर्थिक विकास
- सार्वजनिक सेवा प्रवाह र सुशासन
- रोजगारी सिर्जना
- विपद् जोखिम न्यूनिकरण
- पर्यटन तथा सांस्कृतिक संरक्षण

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सभाका सम्पूर्ण सदस्यज्यूहरु,

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ को उपदफा (३) आर्थिक वर्ष २०७६/७७ को जेठ महिनासम्मको वित्तीय अवस्था निम्नानुसार रहेको छ।

| सि नं | तह | सशर्त | समानीकरण | विशेष | समपुरक | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | संघीय सरकार | १६११८९००० | १३१४००००० | ० | ५०००००० | २९७५८९००० |
| २ | प्रदेश सरकार | ८०००००० | ४५५३००० | ८२००००० | ११२५०००० | ३२००३००० |

| आन्तरिक स्रोत तर्फ | | अनुमानित | वास्तविक | प्रतिशत |
|---|---|---|---|---|
| १ | गत वर्षको मौज्दात | ८९४२५८९२ | ८९४२५८९२ | १०० |
| २ | राजश्व अनुमान | २१०५४१०८ | १५६२८०५७ | ७४.२३ |
| ३ | जिल्ला समन्वय समिति अनुदान | ३०००००००० | ० | ० |
| ४ | विभाज्य कोष(Royalty) | २०००००००० | ४०००००० | २० |
| ५ | राजश्व बाँडफाँड तर्फ | ११०५३३८१० | ५६०३८२७३ | ५०.७० |

चालु आ व मा जेठ मसान्तसम्म संघीय सरकारबाट सशर्त समानीकरण र समपुरक गरी जम्मा रकम रु २९ करोड ७५ लाख ८९ हजार प्राप्त भएको छ। त्यस्तै प्रदेश सरकारबाट चालु आ.व.को जेठ मसान्तसम्म ३ करोड २० लाख ३ हजार रकम प्राप्त भएको छ। आन्तरिक स्रोत तर्फ गत वर्षको मौज्दात ८ करोड ९४ लाख २५ हजार ८ सय ९२, राजश्व तर्फ २ करोड १० लाख ५४ हजार १ सय ८ अनुमान गरिएकोमा १ करोड ५६ लाख २८ हजार ५७ रुपैया संकलन भएको छ। यो कुल अनुमानको ७४.२३ प्रतिशत हो। विभाज्य कोषबाट चालु आ.व.को जेठ मसान्तसम्म २ करोड अनुमान गरिएकोमा ४० लाख प्राप्त भएको छ। यो कुल अनुमानको २० प्रतिशत मात्र हो। राजश्व बाँडफाँड तर्फ ११ करोड ५ लाख ३३ हजार ८ सय १० अनुमान गरिएकोमा ५ करोड ६० लाख ३८ हजार २ सय ७३ रकम प्राप्त भएको छ जुन राजश्व तर्फको अनुमानको ५०.७० प्रतिशत हो। जिल्ला समन्वय समितिबाट प्राप्त हुने भनी अनुमान गरिएको रकम रु. ३ करोड हालसम्म प्राप्त भएको छैन।

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सभाका सम्पूर्ण सदस्यज्यूहरु,

अब म प्रस्तुत बजेट तथा कार्यक्रम तयार पार्दा अपनाइएका विधिहरुको बारेमा उल्लेख गर्न चाहन्छु। संघीय सरकार तथा प्रदेश नं ५ सरकारबाट प्राप्त हुन आएको वित्तीय समानिकरण तथा ससर्त तर्फको बजेट आजै यस सम्मानित सभा समक्ष पेश गरेको छु। राप्ती गाउँपालिकाको आर्थिक ऐन २०७६ मा उल्लेख भए अनुसारका करका दरहरु बमोजिम राप्ती गाउँपालिकालाई प्राप्त हुन आउने आन्तरिक तर्फको आम्दानीमा चालु आर्थिक वर्षमा खर्च भई राप्ती गाउँपालिकाको संचित खातामा बचत रहेको रकम समेत गरी जम्मा आयको गणना निम्नानुसार गरिएको छः

आय तर्फ

| सि नं | आय स्रोत | रकम रु |
|---|---|---|
| १ | संघीय सरकार सशर्त अनुदान | १९५९००००० |
| २ | संघीय सरकार समानीकरण अनुदान | १३०३००००० |
| ३ | संघीय सरकार समपुरक अनुदान | ५०००००० |
| ४ | संघको राजश्व बाँडफाँडबाट प्राप्त  रकम | ९३८५८४८० |
| ५ | प्रदेश सरकार सशर्त अनुदान | १४८५०००० |
| ६ | प्रदेश सरकार समानीकरण अनुदान | ५४८०००० |
| ७ | प्रदेश सरकार समपुरक अनुदान | १००००००० |
| ८ | प्रदेश सरकार विशेष अनुदान | ६०००००० |
| ९ | प्रदेशको राजश्व बाँडफाँडबाट प्राप्त  रकम | ५१२३००० |
| १० | आन्तरिक आय | २५०००००० |
| ११ | चालु आ.व. को मौज्दात रकम | ३५०००००० |
|  | कुलजम्मा रकम | ५२६५११४८० |

सर्वप्रथम संघीय सरकारको बजेट मार्फत  सशर्त अनुदान १९ करोड ५९ लाख, समानीकरण अनुदान १३ करोड ३ लाख, संघीय सरकार समपुरक अनुदान ५० लाख संघीय सरकार राजश्व बाँडफाँडबाट ९ करोड ३८ लाख ५८ हजार ४ सय ८० प्राप्त भएको छ। प्रदेश सरकार अन्तरगत सशर्त अनुदान १ करोड ४८ लाख ५० हजार, समानीकरण अनुदान ५४ लाख ८० हजार,  समपुरक अनुदान   १ करोड, विशेष अनुदान ६० लाख तथा  राजश्व बाँडफाँड वापत ५१ लाख २३ हजार प्राप्त भएको छ । गाउँपालिकाले आगामी आर्थिक वर्षमा आन्तरिक स्रोतको रुपमा २ करोड ५० लाख संकल्न हुने अनुमान गरिएको छ। चालु आ.व.को मौज्दात अनुमानित  ३ करोड ५० लाख हुने अनुमान गरिएको छ। यसरी राप्ती गाउँपालिकाको कूल अनुमानित आय  ५२ करोड ६५ लाख ११  हजार ४ सय ८० रुपैया विनियोजन  गरिएको छ।

सामाजिक सुरक्षा कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको कार्यक्रम तथा संघीय सरकार,  प्रदेश सरकार र अन्य निकायबाट प्राप्त हुने बजेटको कार्यान्वयन प्रचलित ऐन तथा नियममा रहि राप्ती गाउँपालिकाले गर्नेछ।

**खर्च तर्फ**

चालु खर्च तथा पुँजीगत

| सि न | खर्च शीर्षक | रकम रु. |
|---|---|---|
| १ | संघीय सरकार सशर्त अनुदान | १९५९००००० |

| सि न | खर्च शीर्षक | रकम रु. |
|---|---|---|
| २ | प्रदेश सरकार सशर्त अनुदान | १४८५०००० |
| ३ | समपुरक कोष खर्च | २५०००००० |
| ४ | प्रदेश विशेष | ६०००००० |
| ५ | चालु तथा प्रशासनिक खर्च | ७७६५०००० |
| ६ | वडागत योजना तथा कार्यक्रम | ४५०००००० |
| ७ | क्रमागत योजनाहरु | ८८५००००० |
| ८ | पालिकास्तरिय आयोजना तथा कार्यक्रम | ५०००००० |
| ९ | सहकारी भवन | १५००००० |
| १० | पालिका बाटो पिच | १५००००० |
| ११ | अध्यक्ष विशेष | २५००००० |
| १२ | गाउँपालिका तथा वडागत पुजिगत खर्च | ४०००००० |
| | जम्मा (क) | ४६७४००००० |
| | विषयगत शाखा तर्फ | |
| १ | शिक्षा युवा तथा खेलकुद शाखा | २३५००००० |
| २ | स्वास्थ्य शाखा | १५०००००० |
| ३ | कृषि विकास शाखा | ३६००००० |
| ४ | पशु तथा मत्स्य विकास शाखा | ३०११४८० |
| ५ | महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा | २०००००० |
| ६ | आर्थिक प्रशासन शाखा | ५००००० |
| ७ | सेवा प्रवाह र मिडिया | १५००००० |
| ८ | न्यायीक समिति | १०००००० |
| ९ | विभिन्न कोषहरु | ६०००००० |
| १० | साझेदारी | ३०००००० |
| | जम्मा (ख) | ५९१११४८० |
| | कुल जम्मा (क+ख) | ५२६५११४८० |

सर्वप्रथम संघीय सरकारको बजेट मार्फत प्राप्त रकम मध्ये चालु तथा पुँजीगत खर्च सशर्त अनुदान १९ करोड ५९ लाख, प्रदेश सरकार अन्तरगत सशर्त अनुदान १ करोड ४८ लाख ५० हजार, समपुरक कोष खर्च २ करोड ५० लाख, प्रदेश सरकार विशेष अनुदान ६० लाख, चालु तथा प्रशासनिक खर्चमा अनिवार्य दायित्व अन्तरगत कर्मचारी पारिश्रमिक, पदाधिकारीको पारिश्रमिक सुविधा कार्यालय सञ्चालन वडा कार्यालय तथा गाउँपालिका कार्यालय सञ्चालन कर्मचारी वृत्ती विकास कल्याणकोष लगायतका शिर्षकहरुमा गरी जम्मा रु ७ करोड ७६ लाख ५० हजार विनियोजन गरिएको छ। कर्मचारीलाई प्रोत्साहित गर्नको लागि प्रोत्साहनमा आधारित तलब अतिरिक्त सुविधा प्रदान गरी सेवा प्रवाह र सेवाको गुणस्तरमा प्रभावकारी अभिवृद्धि गरिनेछ। सेवा करार तथा परामर्शद्धारा नियुक्ति हुने कर्मचारीहरुको सेवा सुविधाका लागि कार्यपालिकाद्धारा कार्यविधि निर्माण गरी सोही बमोजिम हुने गरी सेवा सुविधा निर्धारण गरिनेछ।

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सभाका सम्पूर्ण सदस्यज्यूहरु,
वडागत योजना तथा कार्यक्रम तर्फ रकम रु. ४ करोड ५० लाख, क्रमागत योजनाका लागि ८ करोड ८५ लाख, पालिकास्तरिय आयोजना तथा कार्यक्रमको लागि रु. ५० लाख, सहकारी भवनका लागि रकम रु. १५ लाख, पालिका बाटो पिचका लागि रकम रु. १५ लाख, अध्यक्ष विशेष कार्यक्रमका लागि रु. २५ लाख, गाउँपालिका तथा वडागत पुँजीगत खर्च रु. ४० लाख गरी ४६ करोड ७४ लाख विनियोजन गरेको छु।
यसै गरी विषयगत शाखा तर्फ
शिक्षा युवा तथा खेलकुद तर्फ २ करोड ३५ लाख, स्वास्थ्य तर्फ १ करोड ५० लाख, कृषि विकास तर्फ ३६ लाख, पशु तथा मत्स्य विकाश तर्फ ३० लाख ११ हजार ४ सय ८०, महिला बालबालिका तथा जेष्ठ नागरिक तर्फ २० लाख, आर्थिक प्रशासन तर्फ ५ लाख, सेवा प्रवाह र मिडिया तर्फ १५ लाख, न्यायिक समिति रु. १० लाख तथा विभिन्न कोषहरुका लागि रकम रु. ६० लाख तथा साझेदारी तर्फ ३० लाख गरी जम्मा रकम रु. ५ करोड ९१ लाख ११ हजार ४ सय असी खर्च हुने अनुमान गरिएको छ।

## पुँजीगत तर्फ

१. राप्ती चक्रपथ राप्ती गाउँपालिकाको गौरबको बहुवर्षिय योजना भएकोले यसको ठेक्कासमेत भई सकेकोले आगामी आका लागि स्तरोन्नती तथा कालोपत्र गर् .व.ने कार्यलाई निरन्तरता दिइएको छ यसका लागि आगामी आ.व.मा रु. १ करोड ५० लाख विनियोजन गरिएको छ।

२. गाउँपालिकाको गौरवका योजनाको रुपमा रहेको पत्थरगढवा सानो नदी पुलका लागि १ करोड ८५ लाख तथा डोलैखोला पुल आगामी आ लाख विनियोजन गरेको छु ५० करोड १ .भित्र सम्पन्न गरी रु.व. ।
३. गाउँपालिकाको प्रशासकिय भवन निर्माण कार्यलाई निरन्तरता दिइनेछ यसका लागि आगामी आकरोड २ .मा रु .व. विनियोजन गरेको छु ।
४. राप्ती चक्रपथको सहायक मार्गको रुपमा आपँखोलीबगासोती-, हर्सेडाँडाखुरुरिया-, भानपुरबसन्तापुर-, महादेवा बगरापुर पत्थरगढवा सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ । आगामी आ.व.मा यस कार्यका लागि रु. ५० लाख विनियोजन गरेको छु ।
५. समग्रमा पूर्वाधार विकास तर्फको कार्य गर्ने गरी गाउँपालिका तथा वडाको समेत गरी जम्मा रु. १४ करोड ४१ लाख ६८ लाख विनयोजन गरेको छु ।

यसरी आगामी आर्थिक वर्षका लागि राप्ती गाउँपालिकाको कूल अनुमानित व्यय रु. ५२ करोड ६५ लाख ११ हजार ४ सय ८० रुपैया विनियोजन गरिएको छ ।

यस सम्मानित सभाका सभा अध्यक्षज्यू
सम्पूर्ण सभाका सदस्यज्यूहरु,

अन्त्यमा, यस वर्षका योजनाहरुमा विशेग गरी कोभिड-१९ कोरोना रोगको संक्रमण नियन्त्रण न्यूनिकरण र रोकथाम कार्यका लागि यसले प्रभाव पारेका विविध क्षेत्रहरुको संबोधन गर्ने गरी रोजगारी सिर्जना र व्यवसायिक पुर्नलाभ तथा समुचित विकासलाई प्राथमिकतामा राखी गाउँपालिकाले लामो गृहकार्य र अथक मेहनतका साथ तयार पारेको यो बजेट तथा कार्यक्रममा गर्नैपर्ने धेरै योजनाहरु छुटेका छन् । उपलब्ध स्रोत र साधनको समुचित प्रयोग मार्फत अधिक्तम प्रतिफल दिने गरी मितव्ययी तरिकाले खर्च गर्ने गरी कार्यान्वयन हुने विश्वास मैले लिएको छु । सीमित स्रोत र असीमित आवश्यकताको सीमामा रहेर जतिसुकै मेहनत गर्दा पनि जनताका सबै अपेक्षा पूरा गर्न कठिनाइ हुँदो रहेछ । जनताका बृहत्तर अपेक्षाको संवोधन गर्न राप्ती गाउँपालिका सदैव प्रयत्नशील रहनेछ । बजेट तर्जुमाका क्रममा महत्वपूर्ण सल्लाह तथा मार्गदर्शन गर्नुहुने गाउँपालिकाका अध्यक्ष ज्यू, अथक मेहनत र परिश्रम गर्नुहुने सम्पूर्ण वडा अध्यक्षज्यूहरु, सम्पूर्ण विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिकाका सम्पूर्ण सदस्यहरु तथा गाउँसभाका सदस्यज्यूहरु तथा सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

बजेटको अर्थपूर्ण कार्यान्वयनका लागि सम्पूर्ण राप्ती वासी जनता, राजनीतिक दल, बुद्दिजिवी, समाजसेवी पत्रकार विभिन्न पेसा व्यवसायी तथा राष्ट्रसेवक कर्मचारी सबै पक्षको साथ सहयोग र सहकार्य रहनेछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद ।

उपाध्यक्ष जगदम्बाकुमारी चौधरी

राप्ती गाउँपालिका मसुरिया देउखुरी दाङ